# INTERNATIONAL COMMISSION OF JURISTS

Commission internationale de juristes - Comisión Internacional de Juristas

*" dedicated since 1952 to the primacy, coherence and implementation of international law and principles that advance human rights "*

President
Justice Arthur CHASKALSON, South Africa

Vice-Presidents
Prof. Jochen A. FROWEIN, Germany
Prof. Leila ZERROUGUI, Algeria

Executive Committee
Justice Ian BINNIE, Canada
Dr. Rajeev DHAVAN, India
Prof. Vojin DIMITRIJEVIC, Serbia and Montenegro
Prof. Louise DOSWALD-BECK, Switzerland
Justice Unity DOW, Botswana
Justice John DOWD, Australia (Chairperson)
Dr. Gustavo GALLÓN GIRALDO, Colombia
Mr Stellan GÄRDE, Sweden
Mr Raji SOURANI, Palestine

Other Commission Members
Mr Raja AZIZ ADDRUSE, Malaysia
Prof. Abdullahi AN-NA'IM, Sudan
Justice Solomy BALUNGI BOSSA, Uganda
Ambassador Julio BARBOZA, Argentina
Prof. Alexander BRÖSTL, Slovakia
Prof. Juan Antonio CARRILLO SALCEDO, Spain
Ms Christine CHANET, France
Ms Vera DUARTE, Cape-Verde
Prof. Paula ESCARAMEIA, Portugal
Justice Elisabeth EVATT, Australia
Prof. Ruth GAVISON, Israel
Prof. Jenny E. GOLDSCHMIDT, Netherlands
Lord William GOODHART, United Kingdom
Ms Asma JAHANGIR, Pakistan
Ms Imrana JALAL, Fiji
Prof. David KRETZMER, Israel
Prof. Kazimierz Maria LANKOSZ, Poland
Ms Gladys Veronica LI, Hong Kong
Prof. Cecilia MEDINA QUIROGA, Chile
Mr Kathurima M'INOTI, Kenya
Ms Karinna MOSKALENKO, Russia
Prof. Vitit MUNTABHORN, Thailand
Dr. Adnan B. NASUTION, Indonesia
Dr. Pedro NIKKEN, Venezuela
Prof. Manfred NOWAK, Austria
Prof. Andrei RICHTER, Russia
Justice Michèle RIVET, Canada
Dr. Mary ROBINSON, Ireland
Sir Nigel RODLEY, United Kingdom
Justice A.K.M. SADEQUE, Bangladesh
Mr Claes SANDGREN, Sweden
Mr Jerome SHESTACK, U.S.A.
Dr. Hipolito SOLARI YRIGOYEN, Argentina
Prof. Daniel THÜRER, Switzerland
Prof. U. Oji UMOZURIKE, Nigeria
Prof. Vilenas VADAPALAS, Lithuania
Prof. Theo VAN BOVEN, Netherlands
Prof. Yozo YOKOTA, Japan
Dr. José ZALAQUETT, Chile

सम्माननीय सुवास नेम्वाङ्ज्यू
सभामुख
अन्तरिम व्यवस्थापिका-संसद्
संसद् सचिवालय
सिंहदरबार, काठमाडौं
नेपाल

१६ जेठ २०६४

सम्माननीय सभामुखज्यू,

मुलुकी ऐनमा संशोधन गर्न लागि संसद्मा विधेयक प्रस्तुत भई महल ८ (क) मा "व्यक्ति वेपत्ता पार्नेको" र महल ८ (ख) मा "अपहरण गर्ने शरीर वन्धक लिनेको" व्यवस्था थप हुने कुरा इन्टरनेसनल कमिसन अफ जुरिस्ट ( आईसीजे) को जानकारीमा आएको छ ।

जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई अपराधका रूपमा व्यवस्था गर्ने यस प्रयासको आईसीजे स्वागत गर्दछ । यस्ता कार्यलाई अपराधीकरण गर्नु नेपालमा मानव अधिकारको संरक्षण एवं सम्बर्द्धनको कार्य सुदृढ गर्ने र यस्तो गम्भीर अपराधमा हुने दण्डहीनताको अन्त गर्नेतर्फ महत्वपूर्ण योगदान हुनेछ ।

विगतको दश वर्षको द्वन्दमा नेपालमा जबर्जस्ती बेपत्ता पार्नेसम्बन्धी समस्या विश्वका कुनै पनि स्थानको भन्दा गम्भीर रहेको छ । वि.सं. २०५९ बैशाख २२ गते देखि वि.सं. २०६३ पौष २९ गते बीचमा राष्ट्रिय मानव अधिकार आयोगमा जबर्जस्ती बेपत्तासम्बन्धी २०२८ वटा उजुरी परेका छन् । तीमध्ये ६ सयभन्दा बढी उजुरीहरूको टुंगो लागेको छैन । जबर्जस्ती बेपत्ता पार्ने कार्यबाट पीडितका परिवारहरूलाई अन्तरिम संविधानको धारा ३३ (थ) अन्तर्गत राहत उपलब्ध गराउने अन्तरिम व्यवस्थापिका-संसद्को प्रतिबद्धताको आईसीजे स्वागत गर्छ ।

तथापि कुनै एक दोषीलाई पनि जवाफदेही बनाउनेतर्फ एवं पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नेतर्फ असफल भएको र त्यसबाट नेपालमा दण्डहीनताको संस्कृतिले निरन्तर बढावा पाएकोमा आईसीजे चिन्तित छ । जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्न र सो कार्यका लागि जिम्मेवारहरूलाई अभियोजन गर्नका लागि असफल

P.O. Box, 91, Rue des Bains, 33, 1211 Geneva 8, Switzerland
Tel: +41(0) 22 979 3800 – Fax: +41(0) 22 979 3801 – Website: http://www.icj.org - E-mail: info@icj.org

रहेकोमा उल्लेखित विधेयकले समस्यालाई सम्बोधन गर्दैन । दस वर्षको द्वन्द्वका दौरानमा भएका जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई सम्बोधन गर्नका लागि यो विधेयक लागू हन्छ भन्ने व्यवस्था गर्न हामी अन्तरिम व्यवस्थापीका-संसद्लाई आग्रह गर्दछौं ।

विधेयकको सारभुत पक्षलाई मनन गर्दा उक्त विद्येयकले नेपालले अनुमोदन गरेका अन्तराष्ट्रिय मानव अधिकार कानून र सिद्धान्त र अन्य अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको व्यवस्थाका केही विषयहरूमा आईसीजेको ध्यान आकृष्ट भएको छ । विधेयकलाई यहि स्वरुपमा पारित नगर्नका लागि आईसीजे अन्तरिम व्यवस्थापीका-संसद्लाई आग्रह गदर्छ । विधेयकमा केही गम्भीर त्रुटि एवं भूलहरू रहेका छन् जसलाई व्यापक परामर्श पछि विस्तृत र सावधानीपूर्ण संशोधनद्वारा सम्बोधन गरिनु आवश्यक छ । यसका साथै जबर्जस्ती बेपत्ता पार्ने कार्यसम्बन्धी कानुन व्यापक, प्रभावकारी र अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्डहरूअनुरूप होस भन्ने सुनिश्चित गर्नका लागि मुलुकी ऐनबाट स्वतन्त्र, जबर्जस्ती बेपत्तासम्बन्धी छुट्टै ऐन जारी गर्नका लागि हामी अन्तरिम व्यवस्थापिका-संसद्लाई आग्रह गर्दछौं ।

मस्यौदा विधेयकको महल ८ (ख) मा नेपालमा बढ्दै गएको अपहरण गर्ने तथा शरिर बन्धक बनाउने कार्यलाई पनि अपराधको श्रेणीमा राख्ने प्रयासको हामी स्वागत गर्छौं । महल ८ (ख) अन्तर्गत कुनै पनि व्यक्तिलाई अपहरण गर्ने वा शरिर बन्धक बनाउने कार्यमा संलग्न गैरराज्य पक्षलाई आठ वर्षदेखि जन्मकैदसम्मको सजाय गर्न सकिने व्यवस्था छ । अन्तर्राष्ट्रिय फौजदारी कानून र मानव सम्मानविरुद्ध रहेका गैरराज्य पक्षबाट हुने यस्ता कसुरहरूलाई अपराधको श्रेणीमा राख्ने यस्तो कार्यको आईसीजे स्वागत गर्दछ । मस्यौदाको प्राविधिक पक्षतर्फ सम्बोधन गरिनुपर्ने केही विषयहरू छन् जसका बारेमा सम्माननीय सभामुखज्यू वा माननीय संसद् सदस्यहरूसँग छलफल गर्ने अवसर उपलव्ध भए त्यसको आईसीजे स्वागत गर्नेछ । तथापि, महल ८ (क) को 'व्यक्ति व्यपत्ता पार्नेको' व्यवस्थामा हाम्रा टिप्पणीहरूलाई यस पत्रमा उल्लेख गरेका छौं ।

जबर्जस्ती बेपत्ता पार्ने कार्यको अपराधीकरण कानूनको जटिल क्षेत्र हो । त्यसैकारण हामीले यो पत्र व्यवस्थापीका-संसद्ले महल ८ (क) का बारेमा निर्णय गर्दा तत्काल ध्यान दिनुपर्ने सिद्धान्तसम्बन्धी महत्वपूर्ण पक्षहरूमा सीमित गरेका छौं । सहजताका लागि पत्रलाई दुई मुख्य भागमा विभाजन गरिएको छ, (क) विधेयकमा व्यवस्था गरिएका प्रावधानहरूमा रहेका समस्या, (ख) विधेयकमा छुटेका अन्तर्राष्ट्रिय मापदण्डहरू । यदि अनुरोध भएमा यी विषयहरूलाई सम्माननीय सभामुखज्यू तथा माननीय संसद् सदस्यहरूसँगको प्रत्यक्ष छलफलबाट अझ बढी स्पष्ट पार्न सकिनेछ ।

यदि सम्माननीय सभामुख महोदयज्यूले यस पत्रलाई अन्तरिम व्यवस्थापिका-संसद्का सम्पूर्ण माननिय सदस्यहरूलाई वितरण गरिदिनु भएमा आईसीजे आभारी हुनेछ ।

## (क) विधेयकमा व्यवस्था गरिएका प्रावधानहरूमा रहेका समस्या

### मुलुकी ऐनको परिप्रेक्ष

प्रस्तावित विधेयकलाई मुलुकी ऐनकै स्वरूपमा प्रस्तुत गरिएको छ र मुलुकी ऐनको अन्य भागहरूकै ढाँचामा लेखिएको छ । दुर्भाग्यवश, जबर्जस्ती बेपत्तासम्बन्धी कानुनमा अन्तर्राष्ट्रिय मापदण्ड परिपालनका लागि जुन किसिमको आधुनिक स्वरूप र कार्यविधिगत प्रावधानहरू हुनुपर्ने हो, मुलुकी ऐनमा त्यसको

अभाव छ । मुलुकी ऐनको सिमा र संसोधनको क्षेत्रका कारण हामीले तल उल्लेख गरेका अन्तर्राष्ट्रिय मापदण्डहरूअनुरूप हुने गरी सफलतापूर्ण संशोधन कार्य कठिन छ । तथापि विधेयकको विषयवस्तुलाई मुलुकी ऐनबाट स्वतन्त्र, विस्तृत र व्यापक मस्यौदा ऐन बनाउनेतर्फको पहलका रूपमा संसद्ले विचार गर्न सक्दछ ।

***सुझाव १:* जबर्जस्ती बेपत्ता पार्नेसम्बन्धी अपराधका लागि मुलुकी ऐनभन्दा छुट्टै, स्वतन्त्र राष्ट्रिय कानुन जारी गर्नु पर्दछ भन्ने आईसीजेको सुझाव छ ।**

**जबर्जस्ती बेपत्ता पार्ने कार्यको परिभाषा**

जबर्जस्ती बेपत्ता पार्ने कार्य व्यक्तिगत स्वतन्त्रता तथा सुरक्षाको अधिकार, कानुनका अगाडी व्यक्तिका रूपमा मान्यता पाउने अधिकार, प्रभावकारी उपचारको अधिकार, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार र जीवनको अधिकार विरुद्धको गंभिर चुनौती वा उलंघन लगायतका विविध मानव अधिकार उल्लंघन संलग्न भएको जटिल अपराध हो । त्यसैकारण यस कसुरको परिभाषा अत्यन्त महत्वपूर्ण रहेको छ ।

विधेयकको दफा १ मा व्यवस्था गरिएको 'व्यक्ति बेपत्ता पार्ने कार्य' को परिभाषाले अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा उल्लेखित जबर्जस्ती बेपत्ता पार्ने कार्यको मान्यताप्राप्त परिभाषालाई समेट्दैन । उदाहरणका लागि, विधेयकले 'कानुनअन्तर्गत अधिकारप्राप्त' व्यक्तिबाट भएको जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई मात्र समेट्दछ । दुर्भाग्यवश, जबर्जस्ती बेपत्ता पार्ने कार्य कानून कार्यान्वयन गर्ने कुनै अधिकार नभएका तर राज्यले खटाएका व्यक्तिहरु पनि हुने गर्दछ ।

जबर्जस्ती बेपत्ता पार्ने कार्यको परिभाषाअन्तर्गत सामान्यतया तीन तत्व रहेको मानिन्छः (क) कुनै पनि प्रकारबाट हुने स्वतन्त्रताको अपहरण, (ख) जबर्जस्ती बेपत्ता भएका व्यक्तिको स्वतन्त्रताको अपहरण वा अवस्थाकाबारेमा अस्वीकार्यता, (ग) जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिलाई कानुन तथा मान्यताप्राप्त सम्पूर्ण अधिकारहरूको संरक्षण बाहिर राख्ने कार्य । जबर्जस्ती बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र जबर्जस्ती बेपत्ता पार्ने कार्यबाट व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (बेपत्तासम्बन्धी महासन्धि) अन्तर्गत पनि सरकारी अधिकारीहरूको संलग्नता वा कम्तीमा पनि मौन स्वीकृतिका माध्यमबाट उनीहरूको अप्रत्यक्ष्य संलग्नता आवश्यक रहन्छ ।

**सुझाव २ः राष्ट्रिय कानुनको जबर्जस्ती बेपत्ता पार्ने कार्यको परिभाषाले बेपत्तासम्बन्धी महासन्धिको धारा २ मा उल्लेख भएको जस्तो अन्तर्राष्ट्रिय मान्यताप्राप्त परिभाषाको प्रतिविम्बित गर्नुपर्छ भन्ने आईसीजेको सुझाव छ ।**

**कसुर र दण्ड सजाय**

**उच्चाधिकारीको उत्तरदायित्व**

विधेयकको दफा २, ३, ४, ५ र ६ मा व्यवस्था भएका प्रावधानहरूअन्तर्गत केही निश्चित परिस्थितिहरूमा आपराधिक कार्य कुनै अर्कै व्यक्तिबाट भएको भए तापनि कसुरका लागि उच्चाधिकारी दोषी हुने उल्लेख छ । यो व्यवस्था अन्तर्राष्ट्रिय कानुनअनुरूप छ, जसअनुसार फौजदारी कानुनअन्तर्गत मातहतका अधिकारीबाट भएको जबर्जस्ती बेपत्तासम्बन्धी कार्यको लागि पदीय उच्चाधिकारी जवाफदेही हुन्छन् ।

तथापि, विधेयकमा त्यस्ता उच्चाधिकारीको जवाफदेहीता स्पष्ट र सुनिश्चित छैन एवं जबर्जस्ती बेपत्ता पार्ने कार्यका लागि उच्चाधिकारीहरू जवाफदेही हुने अवस्थासम्बन्धी विस्तृत प्रावधानहरूको व्यवस्था गर्ने अन्तर्राष्ट्रिय कानुनभन्दा सीमित छ । जबर्जस्ती बेपत्ता पार्ने कार्यका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डले : (१) आफ्ना मातहतका व्यक्तिले सो अपराध गरिरहेका छन् वा गर्न लागेका छन् भन्ने कुरा को सूचना थाहा भएको भएमा वा सो कुरालाई जानीजानी उपेक्षा गरेको भएमा, (२) सो अपराध गर्नेहरूउपर प्रभावकारी उत्तरदायित्व, नियन्त्रण वा अनुशासन कायम गरेको भएमा, (३) निजको पदीय अधिकारको आधारमा आफ्नो मातहतका व्यक्तिहरूको क्रियाकलापबारे जानकारी पाउनुपर्ने भएमा, वा (४) अपराधको रोकथामका लागि सबै आवश्यक र उचित कदमहरू चाल्नमा वा सो कुरालाई अनुसन्धान एवं अभियोजनका लागि प्रस्तुत गर्नका लागि असफल भएका अवस्थामा उच्चाधिकारी सो कसुरका लागि दोषी हुने उल्लेख गदर्छ । जबर्जस्ती बेपत्तासम्बन्धी अपराधका लागि उच्चाधिकारी जिम्मेवार हुने यी अवस्थाहरू अन्तर्राष्ट्रिय कानूनमा स्पस्ट रूपमा स्थापीत छन्, दण्डहीनताको अन्त्यका लागि यस्ता प्रावधान नेपालको राष्ट्रिय कानूनमा प्रतिविम्बित हुनुपर्दछ ।

सुझाव ३ : उच्चाधिकारीलाई (१) आफ्ना मातहतका व्यक्तिले सो अपराध गरिरहेका छन् वा गर्न लागेका छन् भन्ने कुरा को सूचना थाहा भएको भएमा वा सो कुरालाई जानीजानी उपेक्षा गरेको भएमा, (२) सो अपराध गर्नेहरूउपर प्रभावकारी उत्तरदायित्व, नियन्त्रण वा अनुशासन कायम गरेको भएमा, (३) निजको पदीय अधिकारको आधारमा आफ्नो मातहतकाव्यक्तिहरूको क्रियाकलापबारे जानकारी पाउनुपर्ने भएमा, वा (४) अपराधको रोकथामका लागि सबै आवश्यक र उचित कदमहरू चाल्नमा वा सो कुरालाई अनुसन्धान एवं अभियोजनका लागि प्रस्तुत गर्नका लागि असफल भएका अवस्थामा सो उच्चाधिकारीको जबर्जस्ती बेपत्ता पार्ने कार्यको लागि आपराधिक उत्तरदायित्व प्रष्टीने कुरा राष्ट्रिय कानूनले सुनिश्चित गर्नुपर्छ भन्ने आईसीजे सुझाव छ ।

मातहतका व्यक्तिहरुको उत्तरदायित्व

विधेयकको दफा २ मा उल्लेख भएअनुसार बेपत्ता पार्ने कार्यका लागि एकभन्दा बढी व्यक्ति जिम्मेवार रहेको अवस्थामा बेपत्ता भएको व्यक्तिलाई गिरफ्तार गर्ने, थुना वा हिरासतमा राख्ने व्यक्तिलाई 'मुख्य कसुरदार' का रूपमा लिइनेछ । अनुभवहरूले देखाएअनुसार धेरैजसो अवस्थाहरूमा यस्तो कार्य गर्ने व्यक्ति मातहतका कर्मचारी हुने गर्छन्, जो प्रायसः उच्चाधिकारीको आदेशअनुरूप कार्य गरिरहेका हुन्छन् । यसै कारण कानूनले मातहत कर्मचारीलाई यो स्पष्ट गर्नु महत्वपूर्ण हुन्छ कि जबर्जस्ती बेपत्तासम्बन्धी कुनै पनि कसुरलाई उचित सिद्ध गर्नका लागि सैनिक, गैरसैनिक वा अन्य कुनै पनि सार्वजनिक अधिकारीको उच्चदर्जाको आदेश वा निर्देशनको आधार लिन सकिने छैन ।

**सुझाव ४ : जबर्जस्ती बेपत्ता पार्नेसम्बन्धी कसुर गर्ने मातहतका कर्मचारीहरूले आफूहरूले आदेश वा निर्देशन मात्र पालना गरिरहेको थिएँ भन्ने बचाउ प्रयोग गर्न सक्ने छैनन् भन्ने कुरा राष्ट्रिय कानुनले सुनिश्चित गर्नुपर्छ ।**

**प्रायजसो अवस्थामा मातहतका व्यक्तिहरू उच्च दर्जाका अधिकारीहरूको आदेश पालना गर्नुपर्ने दबाब महसुस गर्न सक्दछन् । यसै कारणले अन्तर्राष्ट्रिय कानुनको सामान्य सिद्धान्त अनुसार जबर्जस्ती बेपत्ता पार्ने कार्य गर्ने आदेश प्राप्त गर्ने मातहतका कर्मचारीलाई त्यस्तो आदेश पालना नगर्ने अधिकार र कर्तव्य रहेको हुन्छ । यो सिद्धान्त अन्तर्राष्ट्रिय दस्तावेजहरु, उदाहरणका लागि, व्यक्तिलाई जबर्जस्ती बेपत्ता पार्नेसम्बन्धी अन्तरअमेरिकी महासन्धिको धारा ८, कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि संयुक्त राष्ट्रसंघीय आचारसंहिताको धारा ५ हरूमा स्पष्ट रूपमा उल्लेख गरिएको छ । विधेयकमा यस्तो कुनै प्रावधान छैन् ।**

**सुझाव ५: जबर्जस्ती बेपत्ता पार्ने कार्यको आदेश प्राप्त गर्ने मातहतका कर्मचारीलाई त्यस्तो आदेशको पालना नगर्ने अधिकार र कर्तव्य हुने कुरा राष्ट्रिय कानुनले स्पष्ट रूपमा व्यवस्था गर्नुपर्छ भन्ने आईसीजेको सुझाव छ ।**

**अन्य कसुरहरू**

विधेयकको दफा ४ र ५ ले बेपत्ता पार्ने कार्यको आदेश, दुरुत्साहन, उद्योग वा त्यस्तो कार्यमा सहयोगलाई समेत कसुरका रूपमा लिएको छ । यो व्यवस्था बेपत्तासम्बन्धी महासन्धिमा भएको आपराधिक जवाफदेहीताको व्यवस्थाभन्दा साँगुरो र सीमित छ । महासन्धिमा जबर्जस्ती बेपत्ता गर्नका लागि आह्वान गर्ने, मतियार हुने एवं सहभागी हुनेलाई पनि समेटिएको छ । यस अतिरिक्त शब्दावलीले जबर्जस्ती बेपत्ता पार्ने कार्यमा प्रोत्साहन गर्ने र सहभागी हुने दुवै जवाफदेही रहने सिद्धान्तलाई पुनःपुष्टि गर्छ ।

***सुझाव*** **६ : आईसीजे राष्ट्रिय कानुनले पनि जबर्जस्ती बेपत्ता गर्नका लागि आह्वान गर्ने, मतियार हुने एवं सहभागी हुने कार्यलाई कसुरका रूपमा व्यवस्था गर्नुपर्छ भन्ने सुझाव प्रस्तुत गर्दछ ।**

**सजाय**

दफा ३ मा कुनै व्यक्तिलाई बेपत्ता पार्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने प्रावधान रहेको छ । सजायको मात्रा निर्धारण गर्दा व्यक्ति बेपत्ता रहेको अवधी र सो व्यक्तिलाई राखिएको अवस्थालाई विचार गर्न सकिन्छ । दफा ५ मा बेपत्ता पार्ने कार्यमा दुरुत्साहन दिने, उद्योग गर्ने वा सहयोग गर्ने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरिएको छ ।

अन्तर्राष्ट्रिय कानून तथा सिद्धान्तहरूले पनि सजाय निर्धारणमा न्यूनिकरण गर्न सकिने अवस्थाहरूलाई विचार गर्न सकिने कुराको मान्यता दिएको छ । तथापि, जबर्जस्ती बेपत्ता पार्ने कार्य अन्तर्राष्ट्रिय कानूनमा अपराधका रूपमा रहेकाले ज्यादै सीमित न्यूनिकरणका अवस्थाहरुलाई मात्र अनुमति प्रदान गरिएको छ र दफा ३ र ५ मा उल्लेख गरिएका कारणहरू त्यसअन्तर्गत पर्दैनन् । न्यूनीकरणका कारणहरू कसुरदारको

कलिलो उमेर, वा जबर्जस्ती बेपत्ता पार्ने अपराधमा संलग्न व्यक्तिले बेपत्ता भएको व्यक्तिलाई जीवितै रूपमा अगाडि ल्याउन प्रभावकारी रूपमा योगदान गरेको, वा जबर्जस्ती बेपत्ताको मुद्दालाई स्पष्ट पार्न सम्भव बनाएको, वा जबर्जस्ती बेपत्ता पार्ने अपराधिको पहिचानमा सहयोग पुऱ्याएको कुरामा मात्र सीमित हुनुपर्दछ ।

**सुझाव ७ : कसुरका लागि तोकिएको सजाय घटाउनका लागि विचार गर्न सकिने न्यूनीकरणका कुनै पनि अवस्थाहरू कसुरवारको उमेर, वा जबर्जस्ती बेपत्ता पार्ने अपराधमा संलग्न व्यक्तिले बेपत्ता भएको व्यक्तिलाई जीवितै रूपमा अगाडि ल्याउन प्रभावकारी रूपमा योगदान गरेको, वा जबर्जस्ती बेपत्ताको मुद्दालाई स्पष्ट पार्न सम्भव बनाएको, वा जबर्जस्ती बेपत्ता पार्ने अपराधीको पहिचानमा सहयोग पुऱ्याएको कुरामा मात्र सीमित हुनुपर्छ ।**

**जवरजस्ती बेपत्तासम्बन्धी महासन्धिले सजायको व्यवस्था गर्दा कसुरको 'अत्यधिक गाम्भीर्यता' लाई ध्यान दिनुपर्ने उल्लेख गरेको छ । पाँच वर्षसम्मको कैद सजायले अपराधको गाम्भीरयतालाई झल्काउँछ भन्ने आईसीजेलाई लाग्दैन । यस्तो अपराधका लागि नेपाल कानुनमा यसै सरहको गाम्भीरयता रहेको कसुरमा तोकिएजति नै, उदाहरणका लागि ज्यान मार्ने कसुरका लागि भए सरह नै कठोर सजाय तोकिनुपर्छ ।**

***सुझाव ८ :*** **जबर्जस्ती बेपत्ता पार्ने कार्यका लागि तोकिएको कैद सजाय कसुरको उच्चतम गाम्भीरयता झल्किने गरी, नेपाल कानुनमा त्यसै सरहको गाम्भीरयता रहेको कसुरमा तोकिएजति नै, उदाहरणका लागि ज्यान मार्ने कसुरका लागि भए सरह नै बढाइनुपदर्छ ।**

### अत्युक्तिपूर्ण परिस्थिति- यातना

विधेयकको दफा ६ ले बेपत्ता पारिएको अवधिमा बेपत्ताभएको व्यक्तिले यातना पाएको भएमा, वा नेपाली कानुनअनुसार कसुर ठहरिने अन्य कुनै गैरकानुनी क्रियाकलाप बेहोरेको भएमा अन्यथा प्रमाणित नभएको अवस्थामा त्यस्तो बेपत्ता भएको व्यक्तिलाई गिरफ्तार वा थुनछेक गर्न, वा नियन्त्रणमा लिनका लागि जवाफदेही रहेको व्यक्तिलाई यातनाका लागि जिम्मेवार मानिन्छ । बेपत्तासम्बन्धी महासन्धिको धारा ७(१)(ख) ले उपयुक्त सजाय विचार गरिँदा 'अत्युक्तिपूर्ण परिस्थिति' को सम्भावना उल्लेख गरेको छ । त्यसैकारण समग्रमा हेर्दा दफा ६ को व्यवस्था स्वागतयोग्य छ । तथापि, अन्तरिम संविधानको धारा २६ ले यातनालाई अपराधका रूपमा घोषणा गरे पनि नेपाली कानुनमा यातनाको परिभाषा गरिएको छैन जसका कारण व्यवहारमा यो प्रावधान लागू गर्न कठिन हुनेछ ।

**सुझाव ९ : यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि एवं नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्गतको नेपालको उत्तरदायित्वअनुरूप यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायलाई नेपाली कानुनअन्तर्गत अपराधका रूपमा राख्दै एउटा राष्ट्रिय कानुन निर्माणका लागि आईसीजे सुझाव प्रस्तुत गर्दछ ।**

### क्षतिपूर्ति तथा हर्जाना

विधेयकको दफा ८ ले बेपत्ता पारिएको व्यक्ति सार्वजनिक गरिएपछि वा देखा परेपछि दैनिक रु. पाँच सयका दरले आर्थिक क्षतिपूर्ति उपलब्ध गराइने उल्लेख गरेको छ । यस प्रावधानअनुसार बेपत्ता पारिएको

व्यक्तिको मृत्यु भएको अवस्थामा नजिकको नातेदारले पाउनेबाहेक अन्य अवस्थामा बेपत्ता भएको व्यक्तिले मात्र क्षतिपूर्ति पाउँदछ । यो व्यवस्था अन्तर्राष्ट्रिय निकायहरू, उदाहरणका लागि, संयुक्त राष्ट्रसंघीय मानव अधिकार समिति, जबर्जस्ती तथा गैरस्वैच्छिक रूपमा बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यदल आदिको विधिशास्त्र र बेपत्ता पार्ने कार्यबाट 'पीडित' को परिभाषामा बेपत्ता भएबाट आहत अन्य पक्ष, उदाहरणका लागि, बेपत्ता पारिएको व्यक्तिको परिवार संलग्न हुन्छ भनी एकै किसिमले परिभाषित गर्ने र बेपत्ता भएको व्यक्तिको मृत्यु भए पनि वा नभए पनि त्यस्ता अन्य पक्षलाई क्षतिपूर्ति र हर्जानाको व्यवस्थालाई अनुमती दिने अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको छैन ।

**सुझाव १० : राष्ट्रिय कानुनले केवल बेपत्ता पारिएका व्यक्तिलाई मात्र होइन कि जबर्जस्ती बेपत्ता बनाउँदा उसले बेहोर्नुपरेका प्रत्यक्ष हानीहरूउपर पनि क्षतिपूर्ति दिने व्यवस्था गर्नुपर्ने सुझाव आईसीजे प्रस्तुत गर्दछ ।**

अन्तर्राष्ट्रिय कानूनले जबर्जस्ती बेपत्ता बनाइएकाहरूलाई राज्यले आफ्नो कानून प्रणालीमा उनीहरूको क्षतिपूर्ति पाउने हकको सुनिश्चित गर्नुपर्छ भन्ने व्यवस्था पनि गरेको छ । हालै मात्र बेपत्तासम्बन्धी महासन्धिको धारा २४ ले यही कुरा प्रतिविम्बित गरेको छ । क्षतिपूर्तिले उसलाई पूर्ववर्त अवस्थामा पुऱ्याउने, पुनःस्थापन गर्ने, सन्तुष्टि दिने र फेरि त्यस किसिमको घटना दोहोरिने छैन भन्ने कुराको प्रत्याभूती गर्ने कुराहरूसमेत पर्छन् । त्यसै गरी राष्ट्रिय कानूनले पीडितलाई कानूनी उपचारको हक, कानूनी प्रक्रियाका सबै तहमा सहभागी हुन पाउने हक, परिवारलाई व्यपत्ता व्यक्तिको जीवनको अवस्था, उ रहेको स्थानसम्बन्धको अनुसन्धान र सो को परिणामको सूचना पाउने र परिवारलाई सोबारे सत्य तथ्य थाहा पाउने अधिकार हुने कुरा सुनिश्चित गर्नुपर्छ ।

**सुझाव ११: राष्ट्रिय कानूनले बेपत्ता व्यक्तिहरू र जबर्जस्ती बेपत्ताबनाइएका कारणबाट प्रत्यक्ष हानी बेहोरेका व्यक्तिहरूलाई बेपत्तासम्बन्धी महासन्धिको धारा २४ ले तोकेजस्तै अन्तर्राष्ट्रिय मापदण्डअनुरूप क्षतिपूर्तिको अधिकार समवेश गरिनुपर्छ भन्ने आईसिजे सुझाव प्रस्तुत गर्दछ ।**

**हदम्याद**

विधेयकको दफा ९ मा बेपत्तापछि हत्या गरिएको अवस्थामा सो को उजुरीको लागि हदम्याद लाग्ने छैन भन्ने व्यवस्था गरिएको छ । हत्या नभएको अवस्थामा, बेपत्ता बनाइएको वा बेपत्ता बनाइएको भन्ने थाहा पाएको वा सार्वजनिक गरिएको मितिले छ महिनाभित्र उजुरी लाग्ने छैन । अन्तर्राष्ट्रिय मापदण्डअनुसार अपराधको गम्भीरताको अनुपातमा हदम्याद निर्धारण गरिनुपर्ने हुन्छ । छ माहिना अवधीको हदम्याद अत्यन्त छोटो छ, यसलाई अपराधको गम्भीरताको अनुपातमा लामो मान्न सकिदैंन । अझ बलपूर्वक गरिएको बेपत्ता कार्य मानवता विरुद्धको अपराध भएको अवस्थामा कुनै कानुनी हदम्याद नलाग्ने व्यवस्था अन्तर्राष्ट्रिय कानुनमा गरीएको छ ।

**सुझाव १२ : अपराधको गम्भीरता बोध गराउन बलपूर्वक बेपत्ता बनाइने कार्यमा कुनै हदम्यादको समय तोकिनु हुँदैन भन्ने सुझाव आईसीजेको रहेको छ ।**

अझ बेपत्ता बनाइएको मितिबाट वा यसबारे थाहा पाएको मितिबाट हदम्याद सुरु हुने कुराले जर्वजस्ती वेपत्ता निरन्तर अपराधिक कार्य हो भन्ने विषय समेट्दैन । जब व्यक्ति रहेको ठाउँ र उसको अवस्था सार्वजनिक भई जर्वजस्ती बेपत्ता बनाइने कार्य रोकिन्छ र यसबारेको विवाद समाधान हुन्छ त्यसपछि यसबारेको हदम्याद सुरु हुनुपर्छ ।

**सुझाव १३ : जब व्यक्ति रहेको ठाउँ र उसको अवस्था सार्वजनिक भई बलपूर्वक बेपत्ता बनाइने कार्य रोकिन्छ र यसबारेको विवाद समाधान हुन्छ त्यसै समयदेखि यसबारे उजुरी गर्ने समय सीमा तोकिनुपर्छ भन्ने सुझाव आईसीजेको रहेको छ ।**

(२) **विधेयकमा छुटेका अन्तर्राष्ट्रिय मापदण्डहरु :**

यो विधेयकले अन्तर्राष्ट्रिय कानुन र मापदण्डअनुसारका केही प्रावधानहरू जर्वजस्ती बेपत्ता बनाउने अपराध नियन्त्रणसम्बन्धी उपायहरू, अनुसन्धानमूलक अधिकारहरू र अन्तर्राष्ट्रिय सहयोग र यसका प्रक्रियाहरूका बारेमा विशेष व्यवस्था गरेको छैन । हामीले तल केही महत्वपूर्ण प्रावधानहरूलाई उजागर गरेका छौं, यदि यी व्यवस्थाहरू समेटिएको खण्डमा अन्तर्राष्ट्रिय कानून र यसका असल अभ्यासहरूसँग मिल्ने गरी नेपाली कानून सुनिश्चित गर्न सघाउ पुग्नेछ । यदि अनुरोध गरिएको खण्डमा यस सम्बन्धमा आफ्ना थप सुझावहरू दिन आईसीजे तयार छ ।

**विगतका उल्लंघनहरु**

विधेयकले दश वर्षको द्वन्दको अवधिमा भएका जर्वजस्ती वेपत्ता पार्ने कार्यको विषयलाई सम्बोधन गर्न नखोजेको देख्दा आईसिजे गम्भिर रुपमा चिन्तीत छ । त्यस अवधिमा नेपाली कानून अर्न्तगत वेपत्ता पार्ने खास अपराधको व्यवस्था नभएको भएता पनि जर्वजस्ती वेपत्ता पार्ने कार्य अर्न्तराष्ट्रिय कानून अर्न्तगत अपराधका रुपमा रहेको थियो र त्यसै गरी अर्न्तराष्ट्रिय कानूनमा द्वन्दका समयमा जर्वजस्ती वेपत्ता पार्ने अपराध गर्नेहरुलाई अभियोजन एवं् सजाँय गर्नमा कुनै बन्देज छैन । साथसाथै, वेपत्ता पार्ने अपराधको प्रकृतीकै कारण पनि यो एक निरन्तर अपराध हो जवसम्म दोषिले वेपत्ता पारिएको व्यक्तिको स्थिती एवं् अवस्था लुकाईरहन्छ र जवसम्म मुद्दाको टुंगो लाग्दैन ।

**सुझाव १४ : वेपत्ता पार्ने कार्यलाई अपराधिकरण गर्ने राष्ट्रिय कानून द्वन्दका समयमा वेपत्ता पारिएका वा निरन्तरता रहेको वेपत्ता पार्ने सम्वन्धि अपराधहरुमा लागु हुनुपर्दछ भन्ने आईसिजेको जोडदार सुझाव रहेको छ ।**

यसका साथै जर्वजस्ती वेपत्ता पार्ने अपराधको गम्भिर प्रकृतीका कारण दोषिले कुनै पनि क्षमादान सम्वन्धि कानून, वा फौजदारी कारवाही वा सजाँयबाट उन्मुक्ती दिनसक्ने समान किसीमका उपायहरुको सुविधा पाउनुहुदैंन ।

**सुझाव १५ : जर्वजस्ती वेपत्ता पार्ने कार्यका लागि जिम्मेवारहरुलाई क्षमादान वा सो सरहको कुनै बचाउ गर्नमा राष्ट्रिय कानूनले प्रतिवन्ध लगाउनुपर्दछ भन्ने आईसिजेको सुझाव छ ।**

## अनुसन्धानको अधिकार

जबर्जस्ती बेपत्ता बनाइएका घटनाहरूको अनुसन्धानमा राज्यले उपयुक्त उपायहरू अवलम्बन गर्नु पर्ने व्यवस्था अन्तर्राष्ट्रिय प्रावधानहरूले गरेका छन् । प्रस्तुत मस्यौदा विधेयकमा यस्ता कुनै व्यवस्था समेटिएका छैनन् । यस्ता व्यवस्थाहरूको अभावले मुख्यत यसको प्रभावलाई कमजोर तुल्याउँछ । यस्ता अनुसन्धानसम्बन्धी उपायहरू बेपत्ता बनाइएको व्यक्तिको अवस्था र उ रहेको स्थान छिटो सार्वजनिक गर्ने सुनिश्चितताको लागि महत्वपूर्ण पक्ष हुन् र बेपत्ता व्यक्ति र निजको परिवारको अधिकारपनि हो । यिनीहरूले दण्डहीनता रोक्ने महत्वपूर्ण आधार पनि प्रदान गर्दछन् ।

उदाहरणको लागि बेपत्तासम्बन्धी महासन्धिको (धारा ३, १२ र १८) ले राज्यपक्षले अन्य विषयका अतिरिक्तः अनुसन्धानको बृहत् अधिकारसहित छिटो, गहन र निष्पक्ष अनुसन्धानको सुनिश्चितताको व्यवस्था; सैनिक इलाकासहित बन्दी बनाइएको स्थानसम्मको पहुँच; जर्वजस्ती बेपत्ता बनाउने कार्यका लागि जिम्मेवार अनुमान गरिएको अधिकारीहरूलाई आफ्नो कामबाट अस्थायी निलम्बन गर्ने; बेपत्ता बनाइएको व्यक्तिको अवस्था थाहा नभएको अवस्थामा उसको अवस्था पत्ता लगाउने र अनुसन्धान गर्ने कर्तव्य; बेपत्तासम्बन्धी उजुरी गर्नको लागि निश्चित स्थानको तोकिनुपर्ने; सम्बन्धित कागजातहरूको सुरक्षा; र बेपत्ता बनाइएको व्यक्ति रहेको स्थान पत्तालगाउन सम्बन्धित तथ्यांक उपलब्ध गराउनुपर्ने अधिकारजस्ता व्यवस्थाहरू गरेको छ ।

## मानवताविरुद्धको अपराध

व्यापक र योजनाबद्ध रूपमा जबर्जस्ती बेपत्ता बनाउने अभ्यास भएको छ भने जबर्जस्ती बेपत्ता बनाउने कार्यलाई राष्ट्रिय फौजदारी कानुनमा मानवताविरुद्धको अपराधको रूपमा व्यवस्था गर्नु राज्यको दायित्व हो । विधेयकले यस्तो व्यवस्था समेटेको छैन । नेपालको विद्यमान अनुभवको आधारमा बेपत्ता बनाउने कार्य मानवताविरुद्धको अपराधतर्फ उन्मुख भएमा यसलाई राष्ट्रिय कानुनले सम्बोधन गर्नुपर्छ, साथ साथै यस्तो अपराधको अनुसन्धान, अभियोजन र उपयुक्त दण्डको व्यवस्था पनि गरिनुपर्छ ।

**सुझाव १६ :** व्यापक वा योजनाबद्ध रूपमा हुने जवरजस्ती बेपत्ता बनाउनेसम्बन्धी कार्यलाई नेपालको फौजदारी कानूनमा मानवताविरुद्धको अपराध मानिने गरी राष्ट्रिय कानून बनाइनुपर्छ भन्ने आईसीजेको सुझाव छ ।

## रोकथामका उपाय

जबर्जस्ती बेपत्ता पार्ने कार्यको रोकथामका लागि अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डहरूले पनि केही उपायहरूको व्यवस्था गरेका छन् । यस्ता उपायहरूमा, स्वतन्त्रताबाट बञ्चित गरिएका व्यक्तिहरूको औपचारिक तथा केन्द्रिकृत पञ्जीकरण, स्वतन्त्रताको बञ्चितीकरणको कानुनी वैधताको प्रत्याभूतिसम्बन्धी प्रावधान एवं न्यायिक निकाय वा अन्य सक्षम अधिकारीद्वारा त्यसको नियन्त्रण, जबर्जस्ती बेपत्ता पारिने कार्यबाट पीडित हुने जोखिम रहेको अवस्थामा कुनै व्यक्तिलाई देशबाट निकाला गर्नमा, सुपुर्दगी गर्नमा वा

सो राज्यमा फिर्ता पठाउनमा रोक लगाउने, 'सुपुर्दगी नगरिने' प्रावधान, स्वतन्त्रताबाट बञ्चित गरिएको व्यक्तिको परिवारलाई निजको गिरफ्तारी वा स्थानान्तरणको जानकारी दिनुपर्ने दायित्व, साथसाथै निजको कानुन व्यवसायी वा वैध स्वार्थ भएका अन्य व्यक्तिलाई जानकारी दिनुपर्ने दायित्व, गोप्य थुनछेकबाट व्यक्तिको संरक्षण गर्ने प्रावधानका साथै स्वतन्त्रताबाट बञ्चित गरिएकाहरूका लागि प्रत्याभूतिहरू, स्वतन्त्रताबाट बञ्चित गरिएकाहरूलाई रिहा गर्ने कार्यविधि एवं न्याय प्रशासनमा व्यवधानसम्बन्धी कसुर पर्छन् ।

**सुझाव १७ : जबर्जस्ती बेपत्ता पार्ने कार्यको रोकथामका लागि राष्ट्रिय कानुनमा प्रावधानहरू उल्लेख गर्नुपर्छ, जसमा मुख्यत: (क) स्वतन्त्रताबाट बञ्चित व्यक्तिहरूको औपचारिक एवं केन्द्रीकृत पञ्जीकरणको आवश्यकता, (ख) थुनछेक गरिएका व्यक्तिहरूलाई औपचारिक रूपमा मान्यताप्राप्त थुनछेकका स्थानहरूमा मात्र राख्नुपर्ने आवश्यकता, (ग) बेपत्ता पारिएको व्यक्तिका लागि तथा निजका तर्फबाट बन्दी प्रत्यक्षीकरणको अहरणीय अधिकार, र (घ) बेपत्ता व्यक्ति रहेको स्थानसम्बन्धी सूचनामा बेपत्ता पारिएको व्यक्तिका परिवार वा वैध स्वार्थ भएका अन्य व्यक्तिको पहुँचसम्बन्धी कुराहरू उल्लेख हुनुपर्छ भन्ने आईसीजेको सुझाव छ ।**

**अन्तर्राष्ट्रिय सहकार्य एवं आपसी सहायता**

जबर्जस्ती बेपत्ता पार्ने अपराधको अनुसन्धान एवं सो अपराधको रोकथामका लागि राष्ट्रिय अदालतहरूबाट फौजदारी कार्यविधिको प्रयोगका सम्बन्धमा अन्तर्राष्ट्रिय सहकार्य एंव सहायता अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय मापदण्डहरूले केही प्रावधानहरूको व्यवस्था गरेको छ । यसबाट जबर्जस्ती बेपत्ता पार्ने कार्यको निश्चित गाम्भीरयता एवं अपराधीलाई जहाँसुकै भए पनि कानुनका अगाडि उभ्याउने अन्तर्राष्ट्रिय समुदायको चाहना झल्किन्छ ।

यस परिप्रेक्षमा बेपत्तासम्बन्धी महासन्धिको धारा १३, १४, १५, र १६ मा जबर्जस्ती बेपत्ता पार्ने वास्तविक वा शंकास्पद अपराधीलाई शरण वा आश्रय प्रदानविरुद्धको बचाउ, अन्य देशमा जबर्जस्ती बेपत्ता पार्ने अपराधका लागि खोजीभइरहेको व्यक्तिलाई सुपुर्दगी गर्नुपर्ने दायित्व एवं सुपुर्दगीको उद्देश्यका लागि जबर्जस्ती बेपत्ता पार्ने अपराधको गैरराजनीतिक चरित्रको मान्यता; भौगोलिक सक्षमता, सक्रिय सक्षमता ( राष्ट्रिय उल्लंघनकर्ता) एवं निश्क्रिय सक्षमता (राष्ट्रिय पीडित) को अभ्यासको दायित्व, र विश्वव्यापी सक्षमता एवं 'सुर्पुदगी वा अभियोजन' सिद्धान्तको अभ्यास गर्नुपर्ने दायित्वजस्ता केही विशेष व्यवस्थाहरू उल्लेख गरिएको छ ।

**सुझाव १८ : अन्तर्राष्ट्रिय मापदण्डहरू, उदाहरणका लागि बेपत्तासम्बन्धी महासन्धिको धारा १३, १४, १५ तथा १६ मा व्यवस्था भएसरह राष्ट्रिय कानुनमा अन्तर्राष्ट्रिय सहकार्य एवं आपसी सहयोगसम्बन्धी प्रावधानहरूको व्यवस्था हुनुपर्छ भन्ने आईसीजेको सुझाव रहेको छ ।**

**द्वन्द्व र संकटकाल**

जबर्जस्ती बेपत्ता पार्ने कार्य द्वन्द्व, राजनीतिक अस्थिरता एवं संकटकालका समयमा ज्यादा हुने गर्छ भन्ने कुरा विश्वभरिकै अनुभवले देखाएको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले युद्धको अवस्था वा युद्धको आशंका, आन्तरिक राजनीतिक अस्थिरता वा संकटकाल जस्तोसुकै अपवादजनक परिस्थिति भए

पनि जबर्जस्ती बेपत्ता पार्ने कार्यको पुष्ट्याईको आधार लिन नसकिने व्यवस्था गरेको छ । त्यसैकारण जबर्जस्ती बेपत्तासम्बन्धी कुनै पनि राष्ट्रिय कानुनले यो कुरा झल्काउनै पर्छ, अन्यथा व्यवहारमा सो कानुन प्रभावहीन हुनजान्छ ।

**सुझाव १९ : जस्तोसुकै अपवादजनक परिस्थिति भए पनि त्यसलाई जबर्जस्ती बेपत्ता पार्ने अपराधको पुष्ट्याईको आधारका रूपमा लिन सकिनेछैन भन्ने कुरा राष्ट्रिय कानुनमा स्पष्ट रूपमा उल्लेख भएको हुनुपर्छ भन्ने आईसीजेको सुझाव रहेको छ ।**

अन्त्यमा, विधिको शासन र न्याय प्रणाली पनि द्वन्द्व, राजनीतिक अस्थिरता एवं संकटकाल समयमा जोखिममा पर्ने ज्यादा सम्भावना रहन्छ । त्यसैकारण जबर्जस्ती बेपत्तासम्बन्धी मुद्दाहरू हेर्ने अदालतहरू सक्षम र स्वतन्त्र रहेको कुरा सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ । मुद्दा हेर्ने सम्पूर्ण क्षेत्राधिकार सामान्य गैरसैनिक अदालतलाई प्रदान गरेर स्पष्ट रूपमा सैनिक न्यायाधीकरणहरूको सम्भावनालाई समाप्त गरेर यसो गर्न सकिने आईसीजेको अनुभव रहेको छ ।

**सुझाव २० : जबर्जस्ती बेपत्ता पार्ने अपराधसँग सम्बन्धित मुद्दाहरू हेर्ने सम्पूर्ण अधिकार सामान्य अदालतलाई मात्र हुने र सैनिक न्यायाधीरणलाई नहुने स्पष्ट प्रावधान राष्ट्रिय कानुनमा हुनुपर्छ भन्ने आईसीजेको सुझाव रहेको छ ।**

**विशेष कानुनी कार्यविधि**

जबर्जस्ती बेपत्तासम्बन्धी मुद्दामा घटना भइसकेपछि गैरकानुनी थुना वा दुर्व्यवहारका विरुद्धमा क्षतिपूर्ति माग गरेको अवस्थामा बाहेक अन्य अवस्थामा बेपत्ता पारिएको व्यक्ति आफूलाई बेपत्ता पारेको सम्बन्धमा स्वयं मुद्दा लिएर आउनसक्ने सम्भावना हुँदैन । त्यसैकारण, राष्ट्रिय कानुनले वैध स्वार्थ रहेको तेस्रो पक्षलाई बेपत्ता पारिएको व्यक्तिका लागि वा निजको तर्फबाट कानुनी कदम चाल्न सक्ने अनुमति प्रदान गर्नु महत्वपूर्ण हुन्छ ।

**सुझाव २१ : बेपत्ता पारिएको व्यक्तिका लागि वा निजको तर्फबाट बेपत्ता पारिएको सम्बन्धमा वैध स्वार्थ रहेको तेस्रो पक्षलाई कानुनी कदम चाल्न सक्ने अनुमति प्रदान गर्ने एक स्पष्ट प्रावधान राष्ट्रिय कानुनमा हुनुपर्छ भन्ने आईसीजेको सुझाव रहेको छ ।**

साथै, जबर्जस्ती बेपत्ता पार्ने कार्य गोप्य प्रकृतिको भएका कारण जबर्जस्ती बेपत्ता पारिएको आरोपका पक्षमा पीडितले प्राथमिक प्रमाणहरू उपलब्ध गराउन सधैँ सम्भव हुँदैन । त्यसैकारण अदालतहरूलाई प्रमाणमा सम्भव भएसम्मको व्यापक पहुँच प्रदान गर्नु आवश्यक हुन्छ । सोहीअनुरूप, राष्ट्रिय अदालतहरूलाई परिस्थितिजन्य प्रमाणको आधार लिनसक्ने अनुमति दिँदै त्यस्ता प्रमाणलाई कति महत्व दिने भन्ने कुराको निर्णय अदालतकै हातमा छोडिदिनुपर्छ ।

**सुझाव २२ : जबर्जस्ती बेपत्तासम्बन्धी आरोपका मुद्दाहरूमा परिस्थितिजन्य प्रमाणको आधार लिने अनुमति राष्ट्रिय कानुनले अदालतलाई प्रदान गर्नुपर्छ भन्ने आईसीजेको सुझाव रहेको छ ।**

यस पत्रले हाम्रा सम्पुर्ण सरोकारहरुको प्रतिनिधित्व गर्दैन । नेपालमा जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई फौजदारी कसुरका रूपमा राख्ने राष्ट्रिय कानुनको विकासमा थप विस्तृत प्रस्तुतीकरण वा विधायिकी कार्यविधिको विकास हुदै गर्दा यस विषयमा सम्माननीय सभामुखज्यू वा माननीय संसद् सदस्यज्यूहरूसँग यस विषयमा छलफलको अवसरलाई आईसीजे स्वागत गर्नेछ ।



**निकोलस होवेन**
**महासचिव**